# *निःशुल्क आँखा शल्यक्रिया शिविर तथा अपि परिचय यात्रा (FAM trip)कार्यक्रमको प्रतिवेदन*
# *आर्थिक बर्ष २०८१/०८२*






**प्रतिवेदन पेश गर्नेः**
**बिसन सिह बुढाथोकी**

# अपिहिमाल गाउँपालिका गाउँकार्यपालिका खण्डेश्वरी,दार्चुला ।

## १.कार्यक्रम को संक्षिप्त विवरणः

आर्थिक आ.व.२०८१।०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत गत आर्थिक वर्ष २०८१ बैशाख १९ देखी २० गते सम्म संचालनमा रहेको आँखा शिविरबाट मोतिया बिन्दु देखिएका बिरामीहरुको Trek@Treat अन्तरगत अपिहिमाल गाउँपालिका र भिजन टुगेदर नेपालको संयुक्त आयोजना तथा रोज च्यारिटी,दृष्टि आई फाउण्डेसन र हिमालयन आई प्रोजेक्टको सहयोगमा निःशुल्क आँखा शल्यक्रिया शिविर मिति २०८१कार्तिक २ र ३ गते अपिहिमाल गाउँपालिकाको नयाँ प्रशासकीय भवनमा शिविर संचालन गरी सम्पन्न गरियो,साथै स्वास्थ्य क्षेत्रमा पहुँच पुऱ्याउनका साथ साथै अपिहिमालको पर्यटन क्षेत्रको विकासका लागि Trek@Treat अन्तरगत अपि परिचय यात्रा ((*FAM-trip*) २०८१ कार्तिक ४ देखी ८ गते सम्म अपि बेशक्याप लगायत अन्य पर्यटकीय गन्तव्य स्थलहरुको भ्रमण गरी कार्यक्रम सुःसम्पन्न गरियो ।

## २.कार्यक्रको मुख्य उदेश्यः

- स्थानीय स्तरमै निःशुल्क आँखा शिविर मार्फत स्वास्थ्य तथा आँखाको चेकजाँच गर्ने ।
- मोतिया बिन्दु समस्या देखिएका बिरामीहरुको निःशुल्क आँखा शल्यक्रिया स्थानीय स्तरमै आएर सेवा प्रवाह गर्ने ।
- विज्ञ डाक्टरहरुबाट आँखाको चेकजाँच तथा शल्यक्रिया गराउने ।
- Trek@Treat मार्फत स्वास्थ्य सेवामा टेवा पुऱ्याउनुका साथै पर्यटन क्षेत्रको प्रचार प्रसार र प्रबर्द्धन गरने ।
- अपिहिमाल गाउँपालिकाको पर्यटकीय क्षेत्रको विकास तथा प्रचार प्रसार गर्ने ।
- यहाँका बेरोजगार बसेका युवा युवतीहरु लाइ पर्यटन ब्यवसायमा आबद्ध गराउने ।
- स्वदेशी तथा विदेशी पर्यटकहरु बढी भन्दा बढी भित्र्याउने ।
- अपिबेश क्याम्प पदमार्गलाई सुदुर पश्चिम प्रदेशकै नम्बर एक गन्तव्य स्थल बनाउने ।
- स्थानीय समुदायलाई पर्यटन महत्व बारे जानकारी गराउने ।
- यहाँको लोक सँस्कृति तथा पौराणी मठ मन्दिरहरुको संरक्षण तथा बिश्व सामु चिरपरिचित गराउने ।

## ३.कार्यक्रमका सहभागीहरुः

- निःशुल्क आँखा शल्यक्रिया शिविर तथा अपी परिचय यात्रा ( **FAM-trip**) कार्यक्रममा भिजन टुगेदर नेपालको संयुक्त आयोजना तथा रोज च्यारिटी,दृष्टि आई फाउण्डेसन र हिमालयन आई प्रोजेक्टका डाक्टर सर लगायत कर्मचारीहरु,दार्चुला जिल्लाका प्रमुख जिल्ला अधिकारी लगायतको टिम र राष्ट्रिय तथा प्रदेश स्तरीय बलिबल खिलाडीहरु,मिडिया कर्मी तथा पालिका भित्रका आन्तरिक पर्यटक गरी जम्मा २७ जना सहभागी सहभागी रहेको थियो ।

## ४. निःशुल्क आँखा शल्यक्रिया शिविर तथा अपी परिचय यात्रा ( FAM-trip) कार्यक्रमको समय तालिकाः

सहभागितात्मक छलफल बिधि अनुभव आदान प्रदान तरिका हरुबाट कार्यक्रमको समय तालिका तथा सम्पर्क व्यक्तिहरुको नाम तयार भएको ।

**कार्यक्रमको तालिकाः**

| क्र.सं. | स्थान | कार्यक्रम | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | नयाँ प्रशासकीय भवन | उद्घाटन तथा निःशुल्क आँखा शल्यक्रिया शिविर | २०८१।०७।०२ | पहिलो दिन |
| २ | नयाँ प्रशासकीय भवन | निःशुल्क आँखा शल्यक्रिया शिविर | २०८१।०७।०३ | |
| ३ | नौपाटा होमस्टे देखि सिति होमस्टे | निःशुल्क आँखा शल्यक्रिया शिविर समापन तथा यात्रा (ट्रेकिङ) | २०८१।०७।०४ | तेस्रो दिन |
| ४ | सिति होमस्टे देखि धौलीओढार | यात्रा (ट्रेकिङ) | २०८१।०७।०५ | चौथौ दिन |
| ५ | धौलीओढार-बेशक्याम्प-धौलीओढार | यात्रा (ट्रेकिङ) | २०८१।०७।०६ | पाँचौ दिन |
| ६ | धौलीओढार-सिति होमस्टे | यात्रा (ट्रेकिङ) | २०८१।०७।०७ | छैटौं दिन |
| ७ | सिति-मकरीगाढ-दार्चुला-काठमाडौं | यात्रा (ट्रेकिङ) /गाडी | २०८१।०७।०८ | सातौं दिन |

**<u>सम्पर्कका लागिः</u>**

| सि.नं | नाम/थर | पदः | सम्पर्क नं. | कैफियतः |
|---|---|---|---|---|
| १ | श्री भक्त सिंह ठेकरे बोहरा | गाउँपालिका अध्यक्ष | ९८६८०१४५६७ | |
| २ | श्री देवकी देवी बोहरा | गाउँपालिका उपाध्यक्ष | ९८६८९६१५६७ | |
| ३ | श्री पोखर सिह लोथ्याल | वडा.नं.०१ वडाध्यक्ष | ९८६८८१०७६१ | |
| ४ | श्री ईन्द्र बहादुर रावल | प्रमुख प्रशासकीय अधिकृत | ९८५१२१८७०० | |
| ७ | श्री विसन सिंह बुढाथोकी | कार्यक्रम व्यवस्थापन संयोजक | ९८४४६९४२०० | |
| ८ | श्री पान सिह धामी | विपद व्यवस्थापन अधिकृत | ९८४८७३४३९३ | |
| ९ | राजेन्द्र सिह धामी | स्वास्थ्य संयोजक | ९८६००५९९७९ | |
| १० | सुनिता ठेकरे | अनमी | ९८४०२६०१४१ | |

## ५.सेवा ग्राहीहरुलाई उपलब्ध गराईएका सेवाहरुः

- आँखा तथा स्वास्थ्य उपचार सेवा ।
- मोतिया बिन्दु समस्या भएका बिरामीहरको आँखाको शल्यक्रिया ।
- अन्य आँखा सम्बन्धी थप परामर्श सेवा ।

## ६. शिविर सेवाबाट लाभ लिने सेवाग्राही हरुको संख्याः

| क्र.सं. | वडा नं. | सेवाग्राही | | | संचालन भएको मिति | |
|---|---|---|---|---|---|---|
| | | म. | पु. | जम्मा | देखी | सम्म |
| १ | वडा नं.०१ | १ | २ | २ | २०८०।०७।०२ | २०८०।०७।०३ |
| २ | वडा नं.०२ | ११ | ८ | १९ | | |
| ३ | वडा नं.०३ | १९ | ११ | ३० | | |
| ४ | वडा नं.०४ | १५ | १२ | २७ | | |
| ५ | वडा नं.०५ | २ | ३ | ४ | | |
| ६ | वडा नं.०६ | ३ | १ | २ | | |
| | | ५१ | ३७ | ८८ | | |

## ६. शिविर सेवाबाट आँखा शल्यक्रिया भएको बिरामीहरुको संख्याः

| क्र.सं. | बिरामी. | सेवाग्राही | | | संचालन भएको मिति | |
|---|---|---|---|---|---|---|
| | | म. | पु. | जम्मा | देखी | सम्म |
| १ | आँखा परेला भित्र गडेको शल्यक्रिया | ० | १ | १ | २०८०।०७।०२ | २०८०।०७।०३ |
| २ | आँखामा मासु पलाएको शल्यक्रिया | ०३ | ० | ३ | | |
| ३ | मोतिया बिन्दु शल्यक्रिया | २० | ११ | ३१ | | |
| | | २३ | १२ | ३५ | | |

## ७.कार्यक्रमका उपलब्धिहरुः

- निःशुल्क आँखा शल्यक्रिया शिविरमा ३६ पुरुष र ४८ महिला गरी जम्मा ८७ जनाले आँखाको उपचार सेवा प्राप्त गरे ।
- निःशुल्क आँखा शल्यक्रिया शिविरमा ३ जनाको आँखामा मासु पलाएको, १ जनाको परेली फर्काएको र ३१ जनाको आँखाको शल्यक्रिया गर्ने कार्य सफल भएको ।
- विज्ञ डाक्टरहरुबाट स्थानीय स्तरमै सेवा प्रदान गरेको ।
- राष्ट्रिय तथा प्रदेश स्तरीय खेलाडी लगायत बाह्य तथा आन्तरिक पर्यटक गरी जम्मा २७ जना भन्दा बढी लाई अपी हिमाल परिचय यात्रा (FAM -trip) कार्यक्रममा सहभागी गरिएकोछ ।
- अपी हिमाल परिचय यात्रा (FAM- trip) कार्यक्रममा पर्यटकहरुको उत्सहाजनक सहभागी रहेको थियो ।
- अपी हिमाल परिचय यात्रा (FAM-trip) कार्यक्रमले गर्दा अपि हिमाल भ्रमण गर्न आउने आन्तरिक तथा बाह्य गरी पाँच हजार भन्दा बढी पर्यटनहरुले अपिहिमाल भित्र रहेका पर्यटकीय स्थलहरुको अवलोकन गर्ने अवसर पाउने छन ।

- आगामी दिनहरुमा यहाँका होमस्टे व्यवसायहरु तथा बेरोजगार रहेका युवाहरुलाइ आयअर्जनमा आत्मनिर्भर हुने बिश्वास रहेकोछ।
- अपिहिमाल गाउँपालिकामा रहेका पर्यटकिय स्थलहरको पहिचान गर्न गराउनमा टेवा पुग्ने छ।
- अपिबेश क्याम्प पदमार्गलाई सुदुर पश्चिम प्रदेशकै नम्बर एक गन्तव्य स्थल बनाउनमा सहयोग पुग्नेछ।
- पालिका बाह्य तथा आन्तरिक पर्यटकहरुले विवधताले भरिपुर्ण यहाँका बिभिन्न रमणीय स्थलहरुको अवलोकन गर्न अवसर पाएका छन।
- स्थानीय तथा राष्ट्रिय स्तरका पत्रपत्रिकाहरुमा अपिहिमाल गाउँपालिका भित्र रहेका धार्मिक स्थल पौराणीक मठ मन्दिर अपिबेश क्याम्प वरिपरीका पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार भएको महसुस गरियो जसले गर्दा आगामी दिनहरुमा पर्यटन आगमनको ठुलो गन्यव्य स्थल हुनेछ।

## ८.सिकाईः

- दुरदराजमा रहेका नागरिकहरुले स्थानीय स्तरमै सेवा पाउदा स्थानीय सरकार प्रति बिश्वास बढेको।
- स्थानीय स्तरमै उपचार गर्न पाउदा गरिब परिवारलाई ऋण पर्नबाट बाचेका।
- यस्ता कार्यक्रम गर्दा समय तथा मौसम प्रतिकुललाई ध्यानमा राखि गर्नु पर्ने देखियो।
- कार्यक्रमलाई व्यवस्थित, सरल र सहज बनाउन पुर्व तयारीका लागि समन्वय सहकार्य गर्नु पर्ने।
- सूचना प्रचार प्रसारलाई व्यापक गर्नु पर्ने देखियो।

## ९.कार्यक्रमका कठिनाईहरुः

- भौगोलिक बिकटताका कारण चाहेको जस्तो ब्यवस्थापन हुन नसक्नु।
- भौगोलिक बिकटताका कारण स्वास्थ्य सम्बन्धी सबै इकुमेन्ट ल्याउन समस्या हुने।
- आँखाका बिमारीहरु अधिकांश जेष्ठ नागरिक भएकाले आँखाको शल्यक्रिया पछि गराउनु पर्ने उपचार सम्बन्धी सम्झाउन एक दम कठिनाई भएको।
- पडावहरुमा शौचालय कमी भएका कारण खुला दिशा पिसाब गर्नु पर्ने अवस्था।

## १०.सुझावः

- यस्ता शिविरहरु संचालन गर्दा विशेषज्ञ डाक्टरलाई बोलाई संचालन गर्दा कार्यक्रम प्रभावकारी हुने।
- शिविर संचालन गर्दा प्रयाप्त औषधी र सर्जिकल समाग्री हुनु पर्ने।
- यस्ता ठुला शिविर संचालन गर्न वार्षिक बजेट तथा कार्यक्रममा नै बजेटको सुनिश्चितता गर्नु पर्ने।
- स्थानीय अनाजहरुको रैथानै खानाका प्रकारहरु बनाउनमा जोड दिनु पर्ने।
- ठाउँ ठाउँहरुमा फोहर ब्यवस्थापनका लागि ईन्सनेटर बीन्स वा खालडहरु राख्नु पर्ने देखियो।
- पर्यटक विश्राम स्थलहरुका खानेपानी तथा शौचालयहरुको ब्यवस्था गर्नु पर्ने देखियो।
- अपिबेश क्याम्पलाई पर्यटकिय गन्तव्यका साथ साथै धार्मिक पर्यटकिय स्थाल बनाउनमा जोड दिनु पर्ने।

## ११.निष्कर्षः

धुम्ती शिविर सेवा लाई कसरी व्यवस्थापन गर्न सकिन्छ र यसले के के फाइदाहरु हुन्छ भन्ने सिकाई भएको महशुस गरेका छौ। साथै आगामी दिनहरुमा अपिहिमाल गाउँपालिकाले यस्ता शिविरहरु प्रत्येक २ वर्षमा

संचालन गर्ने गरी वार्षिक नीति तथा कार्यक्रम मै समावेश गरी निरन्तरता दिने छन  भन्ने पुर्ण आशा  लिएका छौ । अन्तमा यस्ता शिविरहरु संचालन गर्दा संघीय/प्रदेश /जिल्ला अस्पताल तथा अन्य स्वास्थ्य संगठनहरु संगको समन्वय सहकार्य गरि शिविर संचालन गरेमा अझै प्रभावकारी हुने आशाका साथ Trek@Treat अन्तरगत अपि हिमाल परिचय यात्रा (**FAM-Trip**) ले अपि हिमाललाई विश्व सामुन्ने कसरी चिनाउन सकिन्छ र पदमार्गहरुमा भ्रमण (ट्रेकिङ) लाई कसरी व्यवस्थापन गर्न सकिन्छ, भन्ने सिकाई साथ आगामी दिनहरुमा अपि परिचय यात्रा निरन्तरता दिने छन भन्ने पुर्ण आशा  लिएका छौ ।

## १२.अपि हिमाल परिचय यात्रा (FAM-Trip) कार्यक्रममा बाह्य तथा स्थनीय सहभागीहरुको विवरणः

| क्र. सं | अपि परिचय यात्रा संचालन गरेको मितिः | उद्घाटन कार्यक्रम | सहभागी संख्या | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | म. | पु. | | |
| १. | २०८१ कार्तिक ४ गते देखी ८ गते सम्म | पालिकाको कार्याल | ०८ | १९ | २७ | |
| कुल जम्मा | | | ०८ | १९ | | |

## १३.खर्चको विवरणः

| क्र सं | विवरण | जम्मा खर्च रकम |
|---|---|---|
| १ | मकरीगाड खाना जुस (महादेव होटल) | ५००० |
| २ | मकरीगाड खाना जुस(न्यु अफरडाँड होटल) | २००० |
| ३ | सामान ढुवानी (मानिसबाट) | ७१०० |
| ४ | सामान ढुवानी (खच्चड बाट) | ४२०० |
| ५ | खाना,खाजा चिया (शिविर संचालनमा ) | १३५७५ |
| ६ | खाजा (शिविर संचालनमा ) | ४५०० |
| ७ | नौपाटा होमस्टे खान),खाजा,वास प्याँकेजमा( | ४२५०० |
| ८ | नाली होमस्टे खान),खाजा( | ४६०० |
| ९ | सिती होमस्टे खान),खाजा,वास प्याँकेजमा( | २८००० |
| १० | छिरछिरे र सिमार होटल (खाजा खाना) | २०००० |
| ११ | धौलीओढार होटल खाना),खाजा,बास, प्याकेजमा( | ३९००० |
| १२ | अपिबेश क्याम्प होटल खाना),खाजा,) | ११६०० |
| १३ | गाडी भाडा (धनगडी देखी मकरीगाड सम्म २ वटा जिप( | ४०००० |
| १४ | गाडी भाडा (गोकुलेश्वर देखी मकरीगाड सम्म २ वटा जिप( | १४००० |
| १५ | सम्मानपत्र फ्रेम | ६००० |
| १६ | प्रतिवेदन लेखन | १००० |
| | कूल जम्मा | २४३०७५।- |

# आँखा शिविर !!!

यहि मिति २०८१ कार्तिक २ र ३ गतेका दिन भिजन टुगेदर नेपाल र अपिहिमाल गाउँपालिकाको संयुक्त आयोजना तथा रोज च्यारिटी, दृष्टि आई फाउण्डेसन र हिमालयन आई प्रोजेक्टको सहयोगमा यस खण्डेश्वरी स्वास्थ चौकीमा नि: शुल्क आँखा शल्यक्रिया शिविर संचालन हुँदैछ ।

Trek & Treat
Hiking For A Cause

**स्थान:** खण्डेश्वरी स्वास्थ चौकी, अपिहिमाल गाउँपालिका, दार्चुला

**मिति :** २०८१ साल कार्तिक २ र ३ गते

**समय:** बिहान १० बजे देखी ४ बजे सम्म

नोट: उक्त शिबिरमा छानिएका मोतिबिन्दुका बिरामीहरुको लागि नि: शुल्क शल्यक्रियाको ब्यवस्था गरिएको छ।

**आयोजक** — अपिहिमाल गाउँपालिका, सुदुरपश्चिम प्रदेश, नेपाल सरकार

**सहयोगी संस्था** — Vision Together Eye Care; Association Himalayan Eye Project H.E.P.; ROSE Charities; Drishti Eye Foundation





फोटोहरुः

















११०
आर्थिक प्रशासन शाखा


११०
आर्थिक प्रशासन शाखा






HOME STAY




PERISH DADA
API - 1
